# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।१२।०३ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतमा कार्यरत प्रहरी सहायक निरीक्षक जन्म अधिकारीले आयोगमा अनुसन्धान भै रहेको मुद्दा तामेलीमा राखीदिने भनी विभिन्न वहाना बनाई सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिई गएको टोलीले निजलाई सेवाग्राहीसँग रु.१,००,०००।-(एक लाख) घुसबापतको रकम माग गरेको प्रमाण सहित नियन्त्रणमा लिई अनुसन्धान हुदाँ निज राष्ट्रसेवक कर्मचारी प्रहरी सहायक निरीक्षक जन्म अधिकारीले आयोगमा विचाराधीन अवस्थामा रहेको सेवाग्राही विरुद्ध बाटो ग्रावेल गर्दा अनियमितता गरेको सम्बन्धमा परेको उजुरी कारबाही प्रक्रिया सहजीकरण गरी दिने भनी सेवाग्राहीसँग घुस/रिसवत रकमको मोलाहिजा गरी रु.१,००,०००।-(एक लाख) घुस/रिसवत माग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २१ बमोजिमको कसुर अपराध गरेको स-प्रमाण पुष्टि हुन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम हुने सजायमा ऐ. ऐनको दफा २१ बमोजिम सजाय, यसैगरी चन्दननाथ उच्च माध्यमिक विद्यालयका शिक्षक विरुद्ध आयोगमा शैक्षिक प्रमाणपत्र सम्बन्धी उजुरी परी अनुसन्धान भइरहेकोमा निज शिक्षकबाट रु.१४,८००।-(चौध हजार आठसय) घुस रिसवत लिएको माथि उल्लेखित विवेचित आधार र प्रमाणबाट पुष्टि हुन आएको हुँदा निज प्रहरी सहायक निरीक्षक जन्म अधिकारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर अपराधमा बिगो रु.१४,८००।-(चौध हजार आठ सय) कायम गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजांय हुन साथै निज प्र.स.नि. जन्म अधिकारीले आफूले नपाएको ओहोदा पाएं भनी अरुलाई विश्वासमा पारी बदनियतपूर्वक आफूले गैरकानूनी तवरबाट फाइदा लिने मनसायले आफू अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सिनियर प्रहरी निरीक्षक हुँ भनी आफ्नो फेसबुक Wallpaper मा राख्ने एवं प्रहरी नायव निरीक्षक र प्रहरी निरीक्षक हुँ भनी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसुर समेत गरेको हुँदा निज उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिम समेतको मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
सह-सचिव एवं प्रवक्ता